सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम स्वतः प्रकाशन गरिएको विवरण

अवधि २०८३/०१/०१ - २०८३/३/३२

# स्वतः प्रकाशन




लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
**डिभिजन वन कार्यालय रोल्पा**
लिवाङ, रोल्पा
फोन नं. ०८६–४४०११२
**Email: dforolpa12@gmail.com** **Website: dforolpa.lumbini.gov.np**

## १. निकायको स्वरुप र प्रकृति

वि.सं. २०३३ सालमा राष्ट्रिय वन योजना लागू भए पछि तत्कालिन वन विभागको सांगठनिक स्वरुप परिवर्तन गरी देशभर ४० वटा वन डिभिजन कार्यालयको स्थापना गर्ने निणर्य पश्चात वि.सं. २०३४ सालमा प्यूठान र रोल्पा जिल्लाको वन संरक्षण र विकास गर्ने उद्देश्य अनुरुप प्यूठान वन डिभिजन कार्यालय स्थापना भएको थियो । वि.सं. २०४० सालमा विकेन्द्रीकरणको भावना र मर्म अनुसार देशभर ५ वटा क्षेत्रीय वन निर्देशनालय तथा ७५ वटै जिल्लामा जिल्ला वन कार्यालयको रुपमा स्थापना गर्ने नीति अनुसार रोल्पा जिल्लामा वि.सं. २०४२ सालमा जिल्ला वन कार्यालय, रोल्पाको स्थापना गरीयो । वि.सं. २०५० सालमा वन विभागको पुनर्गठन अनुरुप जिल्ला वन कार्यालय, रोल्पामा रा.प.तृतिय श्रेणीको जिल्ला वन अधिकृत कार्यालय प्रमुख रहने गरी ८ वटा रेञ्ज पोष्ट सहितको संगठन निर्माण गरिएकामा मिति २०७०।०४।२८ देखि लागू हुने गरी जिल्ला वन कार्यालयहरुको संगठनिक स्वरुपमा फेरबदल गरी रा.प.द्धितिय श्रेणीको जिल्ला वन अधिकृतको नेतृत्वमा ८ वटा इलाका वन कार्यालय रहने र इलाका वन कार्यालयमा रा.प.तृ. श्रेणीको सहायक वन अधिकृतको दरबन्दी सृजना गरियो । वि.सं. २०७२ असोज ३ गते बाट नेपालमा संघीय लोोकतान्त्रिक गणतन्त्रात्मक संविधान लागू भए पश्चात संविधान बमोजिम संघ, प्रदेश र स्थानीय तह सहितको राज्य पुनर्संरचना गर्ने शिलसिलामा नेपाल सरकारको मिति २०७५।०४।२७ गतेको निर्णय बमोजिम रा.प.द्धि. श्रेणीको डिभिजनल वन अधिकृतको नेतृत्वमा रहने गरी हालको डिभिजन वन कार्यालय, रोल्पाको स्थापना भएको हो । राज्य पुनर्संरचनाको नयाँ प्रशासनिक स्वरुप बमोजिम डिभिजन वन कार्यालयहरु प्रदेश सरकार मातहत रहने व्यवस्था गरिएको छ । सो अनुरुप लुम्बिनी प्रदेश सरकार अन्तरगत वन तथा वातावरण मन्त्रालय मातहतमा रहने गरी वन निर्देशनालयको स्थापना भई सोही मातहत रहने गरी स्थापना भएका १४ वटा डिभिजन वन कार्यालयमध्ये डिभिजन वन कार्यालय, रोल्पा पनि एक हो । रोल्पा जिल्ला भित्रको कुल १,८८,४६९ हे. क्षेत्रफल भित्रको सम्पुर्ण क्षेत्र डिभिजन वन कार्यालय, रोल्पाको कार्यक्षेत्र अन्तर्गत पर्दछ । यस डिभिजन वन कार्यालय अन्तर्गत योजना तथा व्यवस्थापन शाखा, कर्मचारी प्रशासन शाखा र आर्थिक प्रशासन शाखा गरी तीनवटा शाखा र फिल्डस्तरमा ८ वटा सव डिभिजन वन कार्यालयहरु रहेका छन्।

| सव डिभिजन वन कार्यालयको नाम | सव डिभिजन वन कार्यालय रहेको ठेगाना | कार्य क्षेत्र |
|---|---|---|
| लिवाङ | रोल्पा न.पा. १, मेवाङ | रोल्पा न.पा ५, बाहेक, रोल्पा न.पा. सबै |
| सुवर्णावती | सुनिलस्मृति गा.पा. ४, सुलिचौर | सुनिलस्मृति गा.पा. का सबै क्षेत्र |
| रून्टीगढी | रुन्टीगढी गा.पा. ५, होलेरी | रोल्पा न.पा ५ र रून्टीगढी गा.पा. सबै क्षेत्र |

| सव डिभिजन वन कार्यालयको नाम | सव डिभिजन वन कार्यालय रहेको ठेगाना | कार्य क्षेत्र |
|---|---|---|
| त्रिवेणी | त्रिवेणी गा.पा. ४, जुँगार | त्रिवेणी गा.पा. का सबै क्षेत्र |
| माडी | माडी गा.पा. २, घर्तिगाउँ | माडी गा.पा. र गंगादेव गा.पा.का सबै क्षेत्र |
| जलजला | परिवर्तन गा.पा. ६, ओवाङ | परिवर्तन गा.पा. का सबै क्षेत्र तथा थवाङ गा.पा. को वार्ड नं. १, २, ३ |
| सुनछहरी | सुनछहरी गा.पा. ५, पोवाङ | थवाङ गा.पा. वार्ड नं. ४ र ५ तथा सुनछहरी गा.पा. को वार्ड नं. १, ५, ६, ७ |
| लुंग्री | लुंग्री गा.पा. ५, किलाचौर | लुंग्री गा.पा. को सबै क्षेत्र तथा सुनछहरी गा.पा.को वार्ड नं. २, ३, ४ |

## २. निकायको काम, कर्तब्य र अधिकार


लुम्बिनी प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालयको सांगठनिक संरचना अन्तर्गत रहेको वन निर्देशनालय मातहत डिभिजन वन कार्यालयहरू मन्त्रालयको एउटा महत्वपूर्ण अङ्ग हो। संघ र प्रदेशका वन र वातावरण सम्बन्धी कानूनले यसको भुमिका प्रष्ट रुपमा उल्लेख गरेको छ। डिभिजन वन कार्यालयले सम्पादन गर्ने मुख्य मुख्य कार्यहरु देहाय बमोजिम रहेका छन् ।

- नेपाल सरकार तथा प्रदेश सरकारको नीति, नियम एवं निर्देशनमा रहि सरकारद्धारा व्यवस्थित वन तथा समुदायमा आधारित वन व्यवस्थापन प्रणाली मार्फत राष्ट्रिय वनको संरक्षण, संवर्द्धन एवं सदुपयोग गर्ने व्यवस्था मिलाउने ।
- वनस्रोतमा आधारित पर्यापर्यटन प्रवर्द्धन र सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापन सम्वन्धी कार्यहरु गर्ने
- वनक्षेत्र अतिक्रमण र वन डढेलो रोकथाम सम्बन्धी कार्यहरु गर्ने
- शहरी क्षेत्रको सौन्दर्यकरणको लागि उपयुक्त खालका रुख, विरुवा, रोपण गरी हुर्काउन स्थानीय तह र अन्य सरोकारवालासँग समन्वय र सहकार्य गर्ने ।
- सर्वसाधारण जनतालाई दैनिक रुपमा आवश्यक पर्ने वनजन्य वस्तु एवं सेवाको आपूर्ति व्यवस्थापन र उद्योगका लागि वनजन्य कच्चापदार्थ उत्पादन तथा परिपूर्तिका लागि आवश्यक व्यवस्था मिलाउने ।
- वनश्रोतको दिगो ढंगबाट व्यवस्थापन र विकास गर्न वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गरी कार्यक्रम कार्यान्वयन, अनुगमन र मूल्यांकनलाई प्रभावकारी बनाउन संस्थागत र पेशागत क्षमतामा अभिवृद्धि गर्ने ।
- जडीबुटी खेती विस्तार, प्रशोधन र बजारीकरणमा निजी क्षेत्रको लगानी प्रबर्द्धन गर्न पहल गर्ने ।
- सामुदायिक वन, कबुलियती वन र निजी वन विकासका लागि आवश्यक प्राविधिक सहयोग उपलब्ध गराई कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्न आवश्यक सहयोग गर्ने ।

- वनमा आधारित पारिस्थिकीय प्रणालीको संरक्षण गरी वातावरणीय सेवाको विस्तार र जैविक विविधताको संरक्षण गर्न विभिन्न प्रवर्द्धनात्मक र नियमन सम्बन्धी कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने ।
- वनस्रोतको दिगो वन व्यवस्थापनका लागि योजना तयारी, स्वीकृती कार्यान्वयनमा सामुदायिक तथा कबुलियती वन समुहहरुलाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गर्ने गराउने
- वन समूहहरुको क्षमता विकासमा सहयोग गर्ने
- वन पैदावारको सतत् उत्पादन र प्रशोधन गरी हरित रोजगारी सृजनामा अभिवृद्धि गर्दै स्थानीय र जिल्ला बाहिर बिक्री वितरण गरी राष्ट्रिय आयमा अभिबृद्धि गर्ने ।
- जलवायु परिवर्तनका प्रतिकुल प्रभावहरुको सामना गर्ने, न्युनिकरण र अनुकुलन सम्वन्धी कार्यक्रम/कृयाकलापहरुको पहिचान गरी कार्यान्वयन गर्ने ।
- प्रचलित नीति, नियम, मार्गदर्शनहरुको कार्यान्वयन गरी वन क्षेत्रको सुशासन कायम गर्ने ।
- डिभिजनस्तरको वनक्षेत्रको स्रोतको क्षमता आंकलन, नक्सांकन, आवधिक योजना तयारी तथा कार्यान्वयन गर्ने गराउने।
- वनमा आधारित उद्यम/उद्योगको प्रवर्द्धन, र विकासका लागि सहयोग र समन्वय गर्ने ।

## ३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

यस डिभिजन वन कार्यालय अन्तर्गत जम्मा कर्मचारी दरबन्दि ५६ जना रहेकामा हाल जम्मा ५० जना कार्यरत रहेको र २ जना करारमा रही ११ पद रिक्त रहेको देखिन्छ । यस कार्यालयको लुम्बिनी प्रदेश सरकारबाट स्विकृत संगठन संरचना चित्र नं. १ मा र दरबन्दी तेरिज तथा पदपुर्तिको अवस्था तालिका १ मा दिइएको छ ।




*चित्र नं. १ डिभिजन वन कार्यालय, रोल्पाको संगठन संरचना*

तालिका नं. १ डिभिजन वन कार्यालय रोल्पाको स्विकृत दरवन्दी र पदपूर्तिको अवस्था

| क्र.सं. | पद | श्रेणी/तह | सेवा/समुह | स्विकृत दरवन्दी | पदपुर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | डिभिजनल वन अधिकृत | अधिकृतस्तर नवौं/दशौं | वन/ज.फ. | १ | १ | ० | |
| २ | वन अधिकृत | अधिकृतस्तर सातौं/आठौं | वन/ज.फ. | ११ | ५ | ६ | |
| ३ | रेन्जर | सहायकस्तर पाँचौं/छैठौ | वन/ज.फ. | २ | २ | ० | |
| ४ | वरिष्ठ प्रशासन सहायक | सहायकस्तर पाँचौं (प्र.) | प्रशासन/सा.प्र. | १ | १ | ० | |
| ५ | लेखापाल | सहायकस्तर पाँचौं (प्र.) | प्रशासन/लेखा | १ | १ | ० | |
| ६ | फरेष्टर/ सिनियर फरेष्टर | सहायकस्तर चौथो /पाँचौं | वन/ज.फ. | २ | २ | | ५ जना मन्त्रालयको दरबन्दीमा रही यस कार्यालयमा काम गरिरहेको |
| ७ | प्रशासन सहायक | सहायकस्तर चौथो (प्र.) | प्रशासन/सा.प्र. | १ | ० | १ | |
| ८ | वन रक्षक | सहायकस्तर तेश्रो (प्रा.) | वन/ज.फ. | ३३ | २९ | ४ | |
| ९ | का.स. | श्रेणी विहिन | प्रशासन/सा.प्र. | २ | २ | ० | |
| १० | ह.स.चा. | श्रेणी विहिन | ई./मे.ई. | १ | १ | ० | करार सेवाबाट पदपुर्ति |
| ११ | चौकीदार | श्रेणी विहिन | प्रशासन/सा.प्र. | १ | १ | ० | |

## ४. निकायबाट प्रदान गरिने सेवा, प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी, सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

### ४.१ निकायबाट प्रदान गरिने सेवा

| क्र.सं. | प्रदान गरिने सेवाको विवरण | संलग्न हुनुपर्ने कागजातहरू | लाग्ने सेवा शुल्क | लाग्ने समय | जिम्मेवार कर्मचारी | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| १ | सामुदायिक वन उपभोक्ता समूह दर्ता | समूहको निवेदन, आमभेलाद्वारा विधान पारित गरेको माईन्यूटको छायाप्रति सहितको तयारी विधान, सव डिभिजन वन कार्यालयको सिफारीस पत्र | निशुल्क | प्रकृया पुरा भै पेश भएको ७ दिन भित्र | योजना तथा विकास फाँटका प्रमुख | डिभिजनल वन अधिकृत |
| २ | सामुदायिक वन हस्तान्तरण | समूहको निवेदन, आमभेलाद्वारा कार्ययोजना पारित गरेको माईन्यूटको छायाप्रति सहितको तयारी कार्ययोजना, सव डिभिजन | निशुल्क | प्रकृया पुरा भै पेश भएको ७ दिन भित्र | योजना तथा विकास फाँटका प्रमुख | डिभिजनल वन अधिकृत |

| क.सं. | प्रदान गरिने सेवाको विवरण | संलग्न हुनुपर्ने कागजातहरू | लाग्ने सेवा शुल्क | लाग्ने समय | जिम्मेवार कर्मचारी | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| | | वन कार्यालयको सिफारीस पत्र | | | | |
| ३ | वन कार्ययोजना नविकरण | समूहको निवेदन, आमभेलाद्वारा कार्ययोजना पारित गरेको माईन्यूटको छायाप्रति सहितको तयारी कार्ययोजना, सव डिभिजन वन कार्यालयको सिफारीस पत्र | निशुल्क | प्रकृया पुरा भै पेश भएको ७ दिन भित्र | योजना तथा विकास फाँटका प्रमुख | डिभिजनल वन अधिकृत |
| ४ | कार्ययोजना अनुसार सा.व.को वन पैदावार संकलन सहमति | कार्य समितिको निर्णयको छाँयाप्रति सहित समुहको पत्र, सव डिभिजन वन कार्यालयको सिफारिस | निशुल्क | प्रकृया पुरा भै पेश भएको ३ दिन भित्र | योजना तथा विकास फाँटका प्रमुख | डिभिजनल वन अधिकृत |
| ५ | धार्मिक वन दर्ता | निवेदनका साथ धार्मिक वन क्षेत्रको नाप नक्शा, विधान कार्ययोजना तयार गरी पेश गर्ने | निशुल्क | प्रकृया पुरा भै पेश भएको ७ दिन भित्र | योजना तथा विकास फाँटका प्रमुख | डिभिजनल वन अधिकृत |
| ६ | कबुलियती वन हस्तान्तरण | सम्भाव्य कबुलियती वनका उपभोक्ताहरुको निवेदन सहित वनको चारकिल्ला, क्षेत्रफल सहितको विवरण | निशुल्क | प्रकृया पुरा भै पेश भएको ७ दिन भित्र | योजना तथा विकास फाँटका प्रमुख | डिभिजनल वन अधिकृत |
| ७ | विरुवा वितरण | निवेदन | निशुल्क | निवेदन पेश हुनासाथ | नर्सरी संचालन भएको सव डिभिजन वन कार्यालय प्रमुख | डिभिजनल वन अधिकृत |
| ८ | नम्बरी आवादी जग्गामा भएको रुख कटान गरी वन पैदावारको ओसार पसार | सम्बन्धित जग्गाधनीको निवेदन, नागरिकताको प्रतिलिपी, जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपी, सम्बन्धित कित्ता देखिने नक्सा, तिरो तिरेको रसिदको प्रतिलिपी, सम्बन्धित वडा कार्यालयको सिफारिस, सव डिभिजन वन कार्यालयबाट नापजाँच मुचुल्का तथा मुल्यांकन | राजश्व मुल्यको १३% मु.अ.कर | प्रक्रिया पुरा भई पेश भए पछि २ दिन भित्र | योजना तथा विकास फाँटका प्रमुख | डिभिजनल वन अधिकृत |

| क.सं. | प्रदान गरिने सेवाको विवरण | संलग्न हुनुपर्ने कागजातहरू | लाग्ने सेवा शुल्क | लाग्ने समय | जिम्मेवार कर्मचारी | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| ९ | कागजातको नक्कल/प्रतिलिपि लिने सम्बन्धमा | निवेदन | प्रचलित नियमानुसार | प्रक्रिया पुरा भई पेश भए पछि २ दिन भित्र | सम्बन्धित फाँटका प्रमुख | डिभिजनल वन अधिकृत |
| १० | वन्यजन्तुबाट भएको क्षतिपूर्ति सम्बन्धि | फोटो, मृत्यु दर्ता,सरजमिन मुचुल्का, पोष्टमार्टम रिपोर्ट वा स्वास्थ्य संस्थाको सिफारीस, प्रहरी वन्यजन्तु बाट भएको प्रतिवेदन, गा.पा./न.पा. को सिफारीस जग्गाधनि प्रमाण पुर्जा, नाता प्रमाणित, क्षतिको मूल्यांकन र लालपुर्जाको फोटोकपि सहितको निवेदन घटना घटेको ३५ दिन भित्र | निशुल्क | प्रकृया पुरा भै पेश भएपछि रकम निकासा भएको २ दिन पछि | व्यवस्थापन शाखाको प्रमुख | डिभिजनल वन अधिकृत |
| ११ | अन्य वन पैदावार (जडीबुटी तथा गैहकाष्ठ वन पैदावार) संकलन ईजाजत पत्र | नेपाली नागरीकताको प्रतीलिपीको साथमा चौहदी खुलाई फर्म संस्था भए सो को प्रमाणपत्रको प्रतिलिपी समेत राखी निवेदन दिनु पर्ने । | तोकिए बमोजिमको राजश्व | चौहदी भित्रको गैहकाष्ठ वन पैदावार एकिन पश्चात निर्णयबमोजिम हुने | व्यवस्थापन शाखाका प्रमुख | डिभिजनल वन अधिकृत |

## ४.२ शाखा र जिम्मेवार अधिकारी

| क.सं | शाखा | कर्मचारी | पद | कैफियत |
|---|---|---|---|---|
| १ | | श्री यज्ञमूर्ति खनाल | डिभिजनल वन अधिकृत | |
| २ | योजना तथा व्यवस्थापन शाखा | श्री टेकन प्रसाद आचार्य | वरिष्ठ वन अधिकृत | |
| ३ | कर्मचारी प्रशासन शाखा | श्री सोफिया खान | वरिष्ठ प्रशासन सहायक | |
| ४ | आर्थिक प्रशासन शाखा | श्री झक्कु प्रसाद आचार्य | लेखापाल | |
| **मातहतका सव डिभिजन वन कार्यालयहरू** | | | | |
| ५ | लिवाङ सव डि.व.का. | श्री पुर्ण प्रसाद ढकाल | वरिष्ठ वन अधिकृत | |
| ६ | सुवर्णावती सव डि.व.का. | श्री इश्वरी प्रसाद दाहाल | वरिष्ठ वन अधिकृत | |
| ७ | रून्टीगढी सव डि.व.का. | श्री संजय कुमार मिश्र | वरिष्ठ वन अधिकृत | |
| ८ | माडी सव डि.व.का. | श्री नोमराज कँडेल | वन अधिकृत | |
| ९ | लुंग्री सव डि.व.का. | श्री विश्वजंग वि.क. | प्राविधिक अधिकृत | |
| १० | सुनछहरी सव डि.व.का. | | | |
| ११ | त्रिवेणी सव डि.व.का. | श्री इन्द्रविक्रम चौधरी | रेञ्जर | |
| १२ | जलजला सव डि.व.का. | श्री राजिव गिरी | सिनियर फरेष्टर | |

## *५. निर्णय गर्ने प्रक्रिया र अधिकारी*

प्रचलित ऐन, नियम, निर्देशिका, कार्यविधि समेतको अधिनमा रहि डिभिजनल वन अधिकृतबाट निर्णय हुने ।

## *६. निर्णय उपर उजुरी सुन्ने अधिकारी*

शाखाको सेवा प्रवाहमा डिभिजनल वन अधिकृतले उजुरी सुन्ने ।

## *७. सम्पादन गरेको कामको विवरण*

*आर्थिक वर्ष २०८२।८३ मा गरिएका मुख्य मुख्य कार्यहरुको विवरण निम्न बमोजिम रहेको ।*

**प्रचलित कानुन बमोजिम वन संरक्षण, वन विकास तथा व्यवस्थापन सम्बन्धी कार्यः**

- जिल्ला भित्र रहेका सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, कबुलियती वन क्षेत्रको संरक्षण कार्य नियमित टुर गस्ती, समुह परिचालन मार्फत् भै रहेको ।
- डिभिजन वन कार्यालय मातहत रहेका विभिन्न ६ वटा सव डिभिजन वन कार्यालयको कार्य क्षेत्रमा रहेका नर्सरीहरू (लिवाङ, सुनछहरी, रून्टिगढी, त्रिवेणी, माडि र जलजला) मार्फत एकवर्षे विरूवा (किम्बु, टाँकी, खरी, रैंच लगायत) ६२,७३६ र आगामी वर्षको लागि बहुवर्षे विरूवा (मुख्यतया टिमुर, खोटेसल्ला) ४५,४९१ उत्पादन भै हालसम्म गतवर्ष देखि उत्पादित बहुवर्षे ५९,६८० र एकवर्षे २०,१०५ विरूवा वितरण भैसकेको।
- यस वर्ष निजी, सामुदायिक तथा कबुलियति वन क्षेत्रमा वृक्षरोपणको लागि टिमुर २२,५००, सतुवा ९०८०, पदमचाल ८३००, देवदार २५००, सुन्तला ७०००, कागति ७०००, आँप २९०० तथा लिची २२०० विरूवा खरिद गरी निःशुल्क ढुवानी सहित वितरण गरिएको ।
- यस वर्ष जलजला सवडिभिजन वन कार्यालय अन्तर्गतको दुईखोली सुवाखोला सामुदायिक वन क्षेत्रमा ७.० हे. क्षेत्रफलमा १०,५०० खोटेसल्ला, ४२५ देवदार र १००० खरी प्रजातिको वृक्षरोपण गरेको । यसैगरी रून्टीगढी सव डिभिजन वन कार्यालय अन्तर्गतका प्रगति सल्लेरी सा.व., धुम्बास सा.व., मुरूल्ले रानीवन सा.व क्षेत्रमा करिब ४.८ हे. वन क्षेत्रमा खोटेसल्ला, पाषणवेद, टिमुर, अमला, बकाइनो, तेजपात लगायतका विभिन्न प्रजातिका विरूवाहरू वृक्षरोपण तथा पुनःरोपण गरेको ।
- जिल्लामा रहेका ५८ वटा कबुलियती वनहरूमध्ये विभिन्न ४ वटा कबुलियती वन क्षेत्रको ४.४ हे. क्षेत्रफलमा अमृसो रोपण, विभिन्न ९ वटा कबुलियति वन क्षेत्रको ५.४३ हे. क्षेत्रफलमा टिमुर, पदमचाल, सतुवा र देवदारको वृक्षरोपण गरेको ।
- त्रिवेणी सव डिभिजन वन कार्यालय अन्तर्गतको मुरुल्लेधुरी सा.व.उ.स.को टिमुरवाङ क्षेत्रमा रोपण गरिएको टिमुर संरक्षणका लागि ५६० मीटर लम्बाईमा जालीदार तारवार गरिएको साथै उक्त क्षेत्रको २.३४ हे. क्षेत्रमा टिमुर गोडमेल तथा पुनः रोपणको कार्य गरिएको ।
- लुम्बिनी प्रदेश सरकारले प्राथमिकता दिएको वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन गर्न यस जिल्लामा पहिलोपटक ३ वटा (चिन्नेथान रावन, हरियाली र लामपुतली) सामुदायिक वन उपभोक्ता समुहको वन व्यवस्थापन कार्ययोजना स्विकृत गरी चिन्नेथान रावन सामुदायिक वनमा यसै वर्षदेखि कार्यान्वयनमा लगेको । यसबाट उक्त समुहमा उमेर पुगेका रूखहरू संकलन भै ४८३६.९८ घ.फि. काठ र ४.० चट्टा दाउरा उत्पादन भएको, भावी पुस्ताको लागि नयाँ वन विकास गर्न पुनरोत्पादन अभिवृद्धिको कार्य जारी रहेको साथै सो क्रममा स्थानीय स्तरमा ४१८ श्रमदिन बराबरको रोजगारी सिर्जना भएको ।

- यस वर्ष माडि सव डिभिजन वन कार्यालय अन्तर्गत १ वटा र जलजला सव डिभिजन वन कार्यालय अन्तर्गत १ वटा सामुदायिक वन उपभोक्ता समुह गठन भएको तथा त्रिवेणी सव डिभिजन वन कार्यालय अन्तर्गत १ वटा, जलजला सव डिभिजन वन कार्यालय अन्तर्गत १ वटा र सुनछहरी सव डिभिजन वन कार्यालय अन्तर्गत १ वटा नयाँ कबुलियति वन उपभोक्ता समुह गठन भएको । यसैगरी ३३ गोटा सामुदायिक वन तथा ६ गोटा कबुलियती वन उपभोक्ता समुहको वन व्यवस्थापन कार्ययोजना नविकरण गरिएको ।
- विभिन्न पाँचवटा (रेउघा, बाम्रुक, हरियाली, सुन्दरडाँडा, नवाङ रानीवन) सामुदायिक वन क्षेत्रमा रिचार्ज पोखरी निर्माण गरेको तथा २ स्थान (सुनिलस्मृति र रून्टिगढी) मा वर पिपल चौतारी निर्माण गरेको।

## वन डढेलो नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी सम्पादित कार्यहरू

- वन डढेलो, प्रकार, कारण, असर एवं नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी ब्रोसर प्रकाशन तथा वितरण
- **"वन डढेलो नियन्त्रणमा प्रभावकारीताः तीनै तहका सरकार र समुदायको सहभागिता"** भन्ने नाराका साथ वन डढेलो व्यवस्थापन सप्ताह २०८२ (चैत्र १ देखी ७ गते सम्म) विभिन्न कार्यक्रमहरू सञ्चालन गरी मनाएको ।
- रोल्पा जिल्लाको वन डढेलो व्यवस्थापन कार्ययोजना २०८२ तयार गरी जिल्ला वन सुरक्षा समन्वय समिति र जिल्ला विपद व्यवस्थापन समितिको बैठकबाट स्विकृत/अनुमोदन गरी कार्यान्वयन गरेको ।
- वन डढेलो नियन्त्रण सम्बन्धी विभिन्न उपकरण खरिद गरी जिल्ला विपद व्यवस्थापन समितिको निर्णयानुसार नेपाली सेनाको सुर्यदल गण, सशस्त्र प्रहरी गुल्म रोल्पा, जिल्ला प्रहरी कार्यालय, इलाका प्रहरी कार्यालय होलेरी र सुलिचौर तथा डिभिजन वन कार्यालय मातहतका सव डिभिजन वन कार्यालयहरूमा वितरण गरेको ।
- वन डढेलो नियन्त्रण दस्ताको रूपमा ५ जना छनौट (सुचना प्रकाशन गरी शारिरीक तन्दुरूस्ती परीक्षण, अनुभव र अर्न्तवार्ता मार्फत् मुल्यांकन) गरी परिचालन गरेको ।
- वन डढेलो व्यवस्थापन सम्बन्धी विद्यालय अनुशिक्षण विभिन्न ९ स्थानमा सञ्चालन गरेको, सव डिभिजनस्तरका सा.व.उ.स, जनप्रतिनिधी तथा सुरक्षा निकाय लगायतका सरोकारवालाहरूसँग वन डढेलो व्यवस्थापन सम्बन्धी गोष्ठी ८ वटै सव डिभिजन क्षेत्रमा सञ्चालन गरेको । जिल्लास्तरमा ३ वटै सुरक्षा निकाय र वन डढेलो दस्तालाई वन डढेलो नियन्त्रण तथा व्यवस्थापन सम्बन्धि २ दिने अनुशिक्षण तथा फिल्ड अभ्यास (डेमो प्रदर्शनी) कार्यक्रम एकपटक सञ्चालन गरेको ।
- जिल्लाको विभिन्न क्षेत्रका सामुदायिक वन पदाधिकारीहरूको संलग्नतामा ३.७५ हे. क्षेत्रमा ज्वलनशील पदार्थ व्यवस्थापन तथा २२.४२ कि.मी. अग्नी रेखा सरसफाईको कार्य गरिएको ।
- खोटो संकलन गर्ने उद्योगसँगको सहकार्यमा वन डढेलो नियन्त्रणसँग सम्बन्धित औजारहरू तथा सचेतनामुलक होर्डिङ बोर्डहरू विभिन्न सामुदायिक वन उपभोक्ता समुहहरूलाई वितरण गरेको।
- वन डढेलो नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी सचेतना विभिन्न एफ एम रेडियो, टेलिभिजन, अनलाईन तथा छापा पत्रपत्रिकाका साथै भित्तेलेखन मार्फत जानकारी तथा सार्वजनिक सुचना सम्प्रेषण गरिएको ।
- वन डढेलो नियन्त्रणका विभिन्न प्रयास एवं अनुकुल मौसमका कारण विगतमा जस्तो ठुलो वन डढेलोका घटनाहरू नभएको । यस वर्ष यस जिल्ला भित्र वन डढेलोका ११ वटा घटना भएको यसबाट अनुमानित ४६८ हे. वन क्षेत्र तथा १६ वटा घर गोठमा क्षति पुगेको तथा ७ जना व्यक्ति सामान्य घाइते भएको र करिब ४३० भारी दाउरा क्षति भएको ।

## क्षमता अभिवृद्धि (तालिम गोष्ठी), समुह शसक्तिकरण, दिवस, समारोह तथा प्रचार प्रसार

- वन संरक्षण विकास र व्यवस्थापनका लागि सामुदायिक वन उपभोक्ता समुह, कबुलियती वन उपभोक्ता समुह, निजी कृषकहरूलाई, **सामुदायिक वन व्यवस्थापन सहजीकरण एवं उपभोक्ता समुह शसक्तिकरण,** समुहको **महिला नेतृत्वको सुशासन, लेखा तथा दिगो वन व्यवस्थापन,** सव डिभिजनस्तरमा उपभोक्ता समुहहरूको लागि **शुसासन,**

अभिलेख तथा लेखा व्यवस्थापन तालिम, जडिबुटि तथा गैह्रकाष्ठ वन पैदावरको संकलन तथा खेति विस्तार र बजारीकरण सम्बन्धी तालिम, निजी तथा कृषि वन विकास सम्बन्धी क्षमता अभिवृद्धि तालिम, वन सम्बर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन सम्बन्धी उपभोक्ता समुहहरूको क्षमता अभिवृद्धि कार्यक्रम लगायतका तालिम कार्यक्रम जिल्लाभर विभिन्न ७० वटा इभेन्ट सञ्चालन गरी सम्पन्न गरेको ।

- यस जिल्लाको महत्वपुर्ण ३ वटा (**टिमुर, पदमचाल र सतुवा**) जडिबुटी प्रजातिहरूको खेती विस्तार सम्बन्धी र प्रस्तावित जलजला संरक्षित वन क्षेत्र र सो को महत्व झल्काउने उद्देश्यले जानकारीमुलक ब्रोसर प्रकाशन तथा वितरण गरेको ।
- जिल्लाका विभिन्न १३ वटा विद्यालयमा वन डढेलो नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी अनुशिक्षण र प्रस्तावित जलजला संरक्षित वन सम्बन्धी प्रभावित क्षेत्रका ६ वटा माध्यमिक विद्यालयमा अनुशिक्षण सञ्चालन गरेको ।
- जिल्लाको उच्च पहाडी वन क्षेत्रमा पाइने लोपोन्मुख वन्यजन्तु **हाब्रे (रेडपाण्डा)** को संरक्षण एवं प्रचार प्रसारको लागि जानकारीमुलक ब्रोसर प्रकाशन, विद्यालयका विद्यार्थी, स्थानीय समुदाय तथा सामुदायिक वन र कबुलियति वन समुह, स्थानीय तहका जनप्रतिनिधीसँग छलफल तथा अन्तर्कृया तथा विभिन्न ४ स्थान (खुंग्री, सुलिचौर, गाम र जेलवाङ)मा संरक्षण सम्बन्धि **होर्डिङ बोर्ड** स्थापना गरेको ।
- वन, वन्यजन्तु तथा वातावरण संरक्षणसँग सम्बन्धित, जग्गा जमिन बाँझो नराखौं लगायतका **होर्डिङ बोर्डहरू** स्थापना/ मर्मत/ अपडेट गरेको (सुलिचौर, मिझिङ, मेवाङ, लिवाङ/कार्यालय परिसर)।
- वृक्षरोपण, अन्तर्कृया, लगायतका विभिन्न कृयाकलाप सञ्चालन गरी निजामति सेवा दिवस, विश्व सिमसार दिवस, अन्तर्राष्ट्रिय वन दिवस, वातावरण दिवस, राष्ट्रिय वृक्षरोपण दिवस लगायतका विभिन्न दिवस समारोह मनाएको ।

## वन्यजन्तु उद्दार, वन अपराध अनुसन्धान तथा गुनासो सुनुवाई

- यस वर्ष रोल्पा न.पा. ७ माडीचौर क्षेत्रमा विरामी अवस्थामा भेटिएको गिद्ध, सुनिलस्मृति गा.पा., सुलिचौर क्षेत्रमा भेटिएका २ वटा रतुवा मृगको उद्दार गरी उपचार पछि प्राकृतिक बासस्थानमा छाडिएको ।
- वन तथा वन्यजन्तु अपराधसँग सम्बन्धित अख्तियार दुरूपयोग अनुसन्धान आयोग, विभिन्न तहका अदालत, हेलो सरकार, राष्ट्रिय सतर्कता केन्द्र, वन तथा वातावरण मन्त्रालय (संघ तथा प्रदेश), वन तथा भू संरक्षण विभाग, वन निर्देशनालय, जिल्ला प्रशासन कार्यालय तथा कार्यालयमा (लिखित तथा मौखिक रूपमा) प्राप्त ८० वटा उजुरी/ गुनासो/ जवाफ/जानकारीको अनुसन्धान तथा गुनासो सुनुवाई सम्बन्धी कार्य गरी ७४ वटा फछ्र्यौट भइ ६ वटा फछ्र्यौटको प्रकृयामा रहेको ।
- कार्यालयबाट प्रवाह हुने सेवा तथा शुसासन प्रवर्द्धनका लागि नियमानुसार कार्यालयबाट स्वतः प्रकाशन, वेभसाइट (dforolpa.lumbini.gov.np) को नियमित अपडेट गर्ने तथा कार्यालयको Facebook Page (facebook.com/dfo.rolpa) मार्फत् नियमित सुचना प्रवाह तथा अपडेट गर्ने गरिएको ।

## योजना तर्जुमा, समन्वय, सहजीकरण, अनुगमन तथा प्रतिवेदन

- रोल्पा जिल्लाको आवधिक (पञ्चवर्षिय) वन व्यवस्थापन योजना (आ.व. २०८२।८३ देखी २०८६।८७ सम्म) तयार गरी वन तथा वातावरण मन्त्रालयको मिति २०८२।९।१४ को निर्णयबाट स्वीकृत गराई कार्यान्वयनमा ल्याएको ।
- जिल्लास्थित विभिन्न सरोकारवाला निकाय, सुरक्षा निकाय, स्थानीय तहसँग नियमित रूपमा समन्वय भैरहेको। **जिल्ला वन क्षेत्र समन्वय समितिको बैठक** २ पटक, **जिल्ला वन सुरक्षा समन्वय समितिको बैठक** २ पटक, **जिल्लास्तरीय वन्यजन्तु अपराध नियन्त्रण एकाई (DWCCB) को बैठक** २ पटक, **वन कार्यालय र स्थानीय तहसँगको समन्वय बैठक** ३ पटक तथा विभिन्न **सरोकारवालाहरूसँग वन, वातावरण, जैविक विविधता र वन्यजन्तु संरक्षण**

**सम्बन्धी समन्वय बैठक** ४ पटक तथा **प्रस्तावित जलजला संरक्षित वन परिषद तदर्थ समिति**को बैठक २ पटक बसी विविध विषयमा छलफल गरेको ।

- डिभिजन वन कार्यालय तथा मातहतका सवडिभिजन वन कार्यालयका **कर्मचारीहरूको नियमित बैठक** बसी प्रगति समिक्षा, देखा परेका समस्या र समाधानका उपाय, जनगुनासो व्यवस्थापन लगायत प्रभावकारी कार्य सम्पादन तथा सेवा प्रवाह वृद्धि गर्न आवश्यक सुधार एवं क्षमता अभिवृद्धि गरिएको । साथै कर्मचारीहरूको उत्प्रेरणा तथा क्षमता अभिवृद्धिका लागि टिम विल्डिङ गोष्ठी, बैठक, तालिम, अनौपचारिक भेटघाट, सव डिभिजन वन कार्यालयहरूको नियमित अनुगमन गरी पृष्ठपोषण प्रदान गरिएको ।
- जिल्ला भित्र रहेका विभिन्न सामुदायिक वन उपभोक्ता समुह, कबुलियती वन उपभोक्ता समुहहरूले सम्पादन गरेका वन संरक्षण, सम्बर्द्धन, विकास तथा व्यवस्थापन सम्बन्धी कार्यहरूको नियमित अनुगमन, निरीक्षण, सहजीकरण गरी स्थलगत रूपमा आवश्यक पृष्ठपोषण प्रदान गरिएको ।
- डिभिजन वन कार्यालय रोल्पाले आ.व. २०८२।८३ मा सम्पादन गरेका कार्यहरू जिल्ला वन क्षेत्र समन्वय समितिको बैठक तथा सरोकारवालाहरूसँग अन्तर्कृया कार्यक्रम आयोजना गरी मिति २०८३।३।३१ गतेका दिन समिक्षा सहित सम्पन्न गरेको ।

## वन पैदावर उत्पादन तथा सदुपयोग सम्बन्धी कार्यः

**काठ दाउरा उत्पादनतर्फः**

- यस जिल्लाको लुंग्री, लिवाङ, रून्टीगढी सव डिभिजन वन कार्यालय अन्तर्गतका जम्मा ७ वटा सामुदायिक वन उपभोक्ता समुहहरूले ७३९९.६० घ.फि. काठ र ६.४५ चट्टा दाउरा उत्पादन गरेको । सो मध्ये २५६२.६२ घ.फि. काठ र २.९५ चट्टा दाउरा समुह भित्र आन्तरिक खपतको लागि र ४८३६.९८ घ.फि. काठ र ३.५ चट्टा दाउरा समुह बाहिर बिक्री वितरणको लागि सहमति दिएको ।
- निजी किसानले आफ्नो नम्बरी जग्गामा लगाई हुर्काएका उत्तिस, खोटेसल्लो लगायतका प्रजातिका रूखहरूबाट ४७९०६.२९ घ.फि. काठ तथा ३७.३ चट्टा दाउरा उत्पादन गरी व्यवसायीक प्रयोजनमा बिक्री वितरण गरेको ।

**जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावर उत्पादनतर्फः**

- राष्ट्रिय वन क्षेत्रबाट विभिन्न प्रजातिका जडिबुटीहरूको दीगो संकलन गर्न १७१.४६ मे. टन संकलन गर्न सहमति दिई सो कार्यमा आवश्यक सहजीकरण गरेको ।
- यस जिल्लाका कृषकहरूले आफ्नो निजी नम्बरी जग्गामा टिमुर, चुत्रो, गुजरगानो लगायतका विभिन्न प्रजातिका ४४०.१५ मे. टन गैह्रकाष्ठ वन पैदावरहरू (फल, बोक्रा, जरा, गानो लगायत) उत्पादन गरी बिक्री वितरण गरेको ।

**खोटो संकलन तथा बिक्री वितरण**

- डिभिजन वन कार्यालय रोल्पाको कार्यक्षेत्रमा रहेका विभिन्न सामुदायिक वन उपभोक्ता समुहहरूसँग सम्झौता गरी विभिन्न छ वटा खोटो प्रशोधन गर्ने उद्योगहरूले यस वर्ष १३९ सामुदायिक वन क्षेत्रबाट १८८४.०२ मे. टन खोटो संकलन गरी निकासी गरेको ।

## *८. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद*

- कार्यालय प्रमुखः- डिभिजनल वन अधिकृत श्री यज्ञमूर्ति खनाल
- सूचना अधिकारीः- वरिष्ठ वन अधिकृत श्री टेकन प्रसाद आचार्य (सम्पर्क नं. ९८५७८७७०१८)

## ९. *ऐन, नियम, मापदण्ड, निर्देशिका, कार्यविधिको सूची*

- नेपालको सविधान २०७२
- वन नीति, २०७५
- वन ऐन, २०७६, वन नियमावली २०७९
- लुम्बिनी प्रदेश वन ऐन २०७८ र प्रदेश वन नियमावली, २०७८
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तथा नियमावली, २०३०
- संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ र सङकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तराष्ट्रिय व्यापार नियन्त्रण नियमावली, २०७६
- वातावरण संरक्षण ऐन, २०७६, वातावरण संरक्षण नियमावली, २०७७
- लुम्बिनी प्रदेश वातावरण संरक्षण ऐन २०७७, प्रदेश वातावरण संरक्षण नियमावली २०७७
- निजामती सेवा ऐन, २०४९, प्रदेश निजामती सेवा ऐन २०८०, निजामती सेवा नियमावली, २०५०, प्रदेश निजामती सेवा नियमावली २०८०
- सार्वजनिक खरीद ऐन, २०६३ र सार्वजनिक खरीद नियमावली, २०६४
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५
- सामुदायिक वनको मार्गदर्शन, २०८१
- वन पैदावर (काठ / दाउरा) संकलन तथा बिक्रि वितरण निर्देशिका २०७३
- वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण निर्देशिका, २०८०
- सामुदायिक वनको काठ, दाउरा संकलन तथा बिक्री वितरण निर्देशिका, २०७१
- राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्बन्धी कार्यविधि, २०७६
- व्यवसायिक प्रयोजनका लागि कबुलियती वन उपलब्ध गराउने कार्यविधि,२०६८
- लुम्बिनी प्रदेशको वन सम्बर्धन प्रणालीमा आधारित वन व्यवस्थापन मापदण्ड २०७९
- लुम्बिनी प्रदेशको वन पैदावर आपूर्ति समिति सञ्चालन सम्बन्धी कार्यविधि २०७९
- खोटो संकलन (कार्यविधि) निर्देशिका २०६४

## **१०. स्वीकृत वार्षिक कार्यक्रम (आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धि) र सो को प्रगति विवरणः**

**क) आ.व. २०८२/०८३ को असार मसान्त सम्मको वार्षिक बजेट र प्रगति विवरणः**

| क्र. सं. | बजेट कोड | बजेट उपशीर्षक | बार्षिक बजेट र खर्च (रू हजारमा) | | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| | | | बजेट | खर्च | |
| १ | ३२९०००१२ | वन, वन्यजन्तु, जैविक विविधता संरक्षण तथा व्यवस्थापन कार्यक्रम | ८०२२ | ६०५६ | ७५.४९ |
| २ | ३२९०००१३ | जडिबुटी तथा गैरकाष्ठ वन पैदावार विकास कार्यक्रम | २७५० | १६४५ | ५९.८१ |
| ३ | ३२९०००१७ | वन उद्यम र पर्यापर्यटन प्रवर्द्धन कार्यक्रम | १००० | ९७० | ९६.९६ |
| ४ | ३२९०००१८ | कृषि वन तथा बृहत्तर हरियाली प्रवर्द्धन कार्यक्रम | २३२५ | २२६६ | ९७.४७ |
| ५ | ३२९९११२३ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम (संघ शसर्त) | २९८० | २४३० | ८१.५३ |
| ६ | ३२९९११२१ | समृद्धिका लागि वन कार्यक्रम (संघ शसर्त) | १५००० | १२३०३ | ८२.०२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | ३२९९११२५ | जडिबुटी विकास कार्यक्रम (संघ शसर्त) | १५०० | ५०० | ३३.३३ |
| ८ | ३२९०००१६ | वातावरण तथा जलवायु अनुकुलन कार्यक्रम | १२०० | १०५१ | ८७.६२ |
| ९ | ३२९०१०१२ | डिभिजन वन कार्यालय (प्रशासनिक खर्च) | ५२५७५ | ३४३०६ | ६५.२५ |
| | | कुल जम्मा | ८७३५२ | ६१५२६ | ७०.४ |

**ख) आ.व. २०८२/०८३ को असार मसान्तसम्मको राजश्व संकलन सम्बन्धी प्रगति विवरणः**

| राजश्व शिर्षक नं. | राजश्व शिर्षक | राजश्व संकलनको अवस्था | |
|---|---|---|---|
| | | संघ | प्रदेश संचितकोष |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | - | ६००० |
| ३३३६१ | वन क्षेत्रको रोयल्टी | ८३,५६८ | ० |
| १४२६४ | वन क्षेत्रको अन्य आय | - | ८२,९९,७१९ |
| १४३१२ | प्रशासनिक दण्ड,जरिवाना र जफत | - | ४,९३५ |
| १५१११ | बेरूजू असुली | - | ८४,४७० |
| ११११११ | आयमा लाग्ने (१.५%) अ.आयकर | ४,५३,२३५ | ० |
| ३३३१७ | मु.अ.कर (१३%) | ४०,०४,८२९ | ० |
| | कुल जम्मा | ४६,२५,२०० | ८३,९५,१२४.०६ |

**११. तोकिए बमोजिमका अन्य विवरणः- छैन**

**१२. यस निकायको वेबसाईट भए सो को विवरणः-** www.dforolpa.lumbini.gov.np

**१३. यस निकायले प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र संझौता सम्बन्धि विवरणः-** यस प्रकारको सहयोग नभएको तर नेपाल सरकारले विश्व बैंकसँग सम्झौता गरी (संघिय सशर्त अनुदान मार्फत) सञ्चालन गरेको सम्वृद्धिका लागि वन परियोजना यस कार्यालय मार्फत कार्यान्वयन भएको ।

**१४. यस निकायले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगतिः-** बुँदा नं.१० मा उल्लेख गरिएको ।

**१५. यस निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधिः-** छैन ।

**१६. यस निकायमा परेका सूचना माग सम्बन्धि निवेदन र सो उपर सूचना दिईएको विषयः-**

- यस अवधिमा लिखित रूपमा सूचना माग नभएको र मौखिक रुपमा माग भएका सूचना र जानकारीहरु उपलब्ध गराईएको ।

**१७. यस निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सो को विवरणः-** छैन ।